स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
मध्यपुर थिमि नगरपालिका
Local Government
Madhyapur Thimi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
थिमि, भक्तपुर, बागमती प्रदेश, नेपाल
Thimi, Bhaktapur, Bagmati Province, Nepal
☎ 6630225, 6630046, 6631405, 6635704
Ambulance : 6631000
Fax: 977-1-6630225
Website:www.madhyapurthimimun.gov.np

Ref. No.: 2332

मितिः २०८०।१२।२२

श्री सबै विद्यालयहरु,
मध्यपुर थिमि नगरपालिका,भक्तपुर।

**विषयः निर्देशन।**

प्रस्तुत विषयमा शैक्षिक बर्ष २०८० को बार्षिक परीक्षाको नतिजा प्रकाशन र नयाँ शैक्षिक सत्रको तयारीमा विद्यालयहरु जुटिरहेको सन्दर्भमा नगरपालिकाको शैक्षिक बार्षिक कार्यतालिका, २०८१ आउन अझै केही दिन लाग्ने भएकोले तपसिल बमोजिम गर्नु गराउनु हुन नगर शिक्षा समितिको मिति २०८०।१२।२१ को निर्णयानुसार यो निर्देशन जारी गरिएको छ।

**सामुदायिक विद्यालयहरुः**

- शैक्षिक बर्ष २०८० को शैक्षिक कार्यतालिका अनुसार २०८०।१२।२५ गते सम्पूर्ण कक्षाहरुको बार्षिक नतिजा अनलाइन इमिस प्रणालीबाट प्रकाशन गर्ने। नतिजाको दिगो अभिलेखीकरण गर्ने।
- बैशाख ३ गते देखि ९ गते सम्म भर्ना अभियानको कार्य सम्पन्न गर्ने। बैशाख १० गतेबाट पठनपाठन सञ्चालन गर्ने। संगसंगै बैशाख ९ गते देखि १३ गते सम्म भर्ना हुन बाँकी विद्यालय बाहिर रहेका आफ्नो सेवा क्षेत्र भित्रका बालबालिकाहरुलाई खोजी गरी विद्यालय भित्र ल्याउने कार्य गर्ने। भर्ना अभियानको बेला कक्षा सञ्चालन गर्नु हुन्न भन्ने मानसिकताबाट मुक्त हुने। भर्ना भइरहेका विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउन सम्भव नभए पनिपाठ्यपुस्तकविना नै अवधारणात्मक र उपचारात्मक कक्षा लिँदै जाने।
- भर्ना अभियान संगै तल्ला कक्षाहरुमा हस्तलेखन कार्यक्रम सञ्चालन गर्ने।
- बैशाख ५ गते विद्यालय परिसर सरसफाइ गर्ने। शैक्षिक बर्ष २०८० को विषयगत, कक्षागत ,तहगत र समग्र विद्यालयको शैक्षिक उपलब्धिको समिक्षा र शैक्षिक सत्र २०८१ को शैक्षिक रणनैतिक योजना बनाउन विद्यालय व्यवस्थापन समिति सहितको स्टाफ बैठक बस्ने। कम्तीमा पनि पछिल्लो पाँच बर्षको कक्षागत, विषयगत र विद्यालयको समग्र सिकाइ उपलब्धी कति कति हो ? तयार गरी राख्ने।
- छिटो भन्दा छिटो विद्यार्थीहरुका लागि पाठ्यपुस्तकको जोहो गर्ने।

ज्ञानेन्द्र प्रसाद भट्ट
प्रमुख
सामाजिक विकास महाशाखा

6630225
6630046
6631405
6635704
Ambulance : 6631000
Fax: 977-1-6630225
Website:www.madhyapurthimimun.gov.np

Ref. No.:

- चलानी किताब, दर्ता किताब, लेटर प्याड, विद्यालय झण्डा, शिक्षक हाजिरी र विद्यार्थी हाजिरी रजिष्ट्रर लगायत विद्यालयमा चाहिने आवश्यक कुराहरुको सु-प्रबन्ध गर्ने।
- विद्यालयको सामान्य मर्मत सम्भार गर्नु पर्ने भए शुरुवाती समयमै सम्पन्न गर्ने।
- बैशाख ९ गते सम्म पाठ्यपुस्तक वितरण गरिसक्ने।
- शैक्षिक बर्ष २०८० को विद्यार्थी छात्रवृति वितरण गर्न बाँकी भए अविलम्ब वितरण गर्ने।
- बैशाख १४ गते भित्र पाठ्यक्रम र विद्यार्थी मूल्यांकन प्रणालीबारे शिक्षकहरुवीच घनिभूत छलफल गरी यसबारे जानकारी हासिल गर्ने।
- बैशाख मसान्त सम्म ईमिसको काम सावधानीपूर्बक सम्पन्न गरी अनलाइन इमिस अपडेट गर्ने। बैशाख ३० गते भित्र शिक्षकहरुले २ प्रति आधिकारिक फर्मेटको का.स.मू. फारम भरेर विद्यालयमा दर्ता गरी सक्ने र जेठ पहिलो हप्ता भित्र शिक्षा,युवा तथा खेलकूद शाखामा पेश गर्ने।
- बैशाख ९ गते शिक्षकहरु बीचमा शैक्षिक कार्यविभाजन गर्ने।
- विद्यालय लेखा परीक्षण प्रतिवेदन, विद्यालय सामाजिक परीक्षण प्रतिवेदन तथा विद्यालय सुधार योजना(SIP)अद्यावधिक गरी शिक्षा,युवा तथा खेलकूद शाखामा पेश गर्ने। प्र.अ. बैठकमा निर्णय भएअनुसारकाकार्यहरु कार्यान्वयन गर्ने गराउने।
- जेठ अन्तिम हप्ता खरिद इकाई गठन र विद्यालयमा शिक्षकहरुको व्यक्तिगत फाइल खडा गर्ने।
- विद्यालयमा दिवा खाजा अनुगमन पुस्तिका र विद्यालय निरीक्षण पुस्तिका अलग अलग तयार गर्ने।
- विद्यालयको जिन्सी विवरण अद्यावधिक गरी प्रमाणित गरी राख्ने।
- दीवा खाजा, पाठ्यपुस्तक,छात्रवृत्ति र तलवी भर्पाइ लगायतका विवरणहरु त्रुटी नहुने गरी एक प्रति विद्यालयमा राखी एक प्रति श्रावण पहिलो साता भित्रशिक्षा,युवा तथा खेलकूद शाखामा पेश गर्ने।
- लिडर फिडर विद्यालयको अवधारणालाई आत्मसाथ गर्ने गराउने।
- विद्यालयको सम्पूर्ण शैक्षिक अभिलेख चुस्त दुरुस्त राख्ने।
- पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृती प्राप्त पाठ्यपुस्तक/पाठ्यसामग्री/ सिकाइ सामग्री मात्र प्रयोग गर्ने मिति २०८०।१२।१६ को शिक्षा तथा मानवस्रोत विकास केन्द्रको सूचनाको कडाईका साथ पालना गर्ने। पाठ्यक्रम विकास केन्द्रको वेवसाइट moecdc.gov.np मा रहेको पाठ्यपुस्तक/पाठ्यसामग्री/ सिकाइ सामग्रीको अध्ययन गर्ने।

ज्ञानेन्द्र प्रसाद भट्ट
प्रमुख
सामाजिक विकास महाशाखा

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
मध्यपुर थिमि नगरपालिका
Local Government
Madhyapur Thimi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
थिमि, भक्तपुर, बागमती प्रदेश, नेपाल
Thimi, Bhaktapur, Bagmati Province, Nepal
☎ 6630225, 6630046, 6631405, 6635704
Ambulance : 6631000
Fax: 977-1-6630225
Website:www.madhyapurthimimun.gov.np

Ref. No.:

- शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको विपन्न लक्षित छात्रवृति पाउन योग्य विद्यार्थीको नामावली प्रकाशन सम्बन्धी मिति २०८०।१२।१५ को परिपत्रको प्रभावकारी कार्यान्वयन गर्ने गराउने । शिक्षातथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर लगायत शिक्षा,युवा तथा खेलकूद मन्त्रालय अन्तर्गतका केन्द्रिय निकायहरु, प्रदेश सामाजिक विकस मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालय एवं अन्य सम्बद्द निकायहरुको वेभसाइट भिजिट गरिरहने ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरसंग सम्बन्धित सिकाइ चौतारी (Learning Portal) : Learning.cehrd.edu.np , Youtube: ncedvirtual or www.youtube.com/nced virtual , Facebook: facebook.com/radiodistanceसमेत अध्ययन गर्नुहुन ।

## संस्थागत विद्यालयहरुः

- वि.सं. २०८१ बैशाख १ गतेभन्दा पछाडि मात्र विद्यार्थी भर्ना शुरु गर्ने, सो भन्दा अगाडि भर्ना शुरु गरिएको थाहा भएमा वा कहींबाट गुनासो आएमा नियमानुसार कार्वाही गरिने ।
- पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृती प्राप्त पाठ्यपुस्तक/पाठ्यसामग्री/ सिकाइ सामग्री मात्र प्रयोग गर्ने ।
- विद्यालयले विद्यार्थीहरुका लागि लगाउने शुल्क विद्यालयको प्रस्तावमा नगरपालिकाले निर्णय गरेपछि मात्रकार्यान्वयन गर्न पाउने कानूनी प्रावधान रहेको नगरपालिकाले शैक्षिक सत्र २०८१ का लागि शुल्क सम्बन्धमा निर्णय गर्न केहि समय लाग्ने हुनाले कूनै पनि विद्यालयमा शुल्क वृद्धिको अनुमति नभएको व्यहोरा जानकारी गराउँदै शैक्षिक सत्र २०८० का लागि नगरपालिकाले निर्धारण गरेको आफ्नो विद्यालयले विभिन्न शिर्षकमा लिन पाउने शुल्कको आधारमा मात्र भर्ना गर्नु पर्ने र कार्यान्वयनमा रहेको शुल्क विवरण फ्लेक्स बनाई सबैले देख्ने गरी टाँस गर्नु पर्ने ।
- विद्यालय सञ्चालनका लागि वि.सं. २०७३ साल भन्दा अगाडि तत्कालीन जिल्ला शिक्षा कार्यालय र वि.सं.२०७३ साल भन्दा पछाडि नगरपालिकाबाट अनुमति प्राप्त गरेको कक्षा सम्म मात्र विद्यार्थी भर्ना गर्ने ।अन्यथा गरेको पाईएमा त्यस्ता विद्यालयहरुलाई कार्वाही गरि प्राप्त अनुमति समेत रद्ध गरिनेछ ।
- संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ बमोजिम विद्यालयले अनिवार्य रुपमा प्रदान गर्नु पर्ने १०% छात्रवृत्तिमध्ये मध्यपुर थिमि नगर शिक्षा ऐन २०७९ ले व्यवस्था गरे वमोजिमको विद्यालयले प्रदान गर्ने ५% छात्रवृत्ति पारदर्शी रुपमा सबै प्रक्रिया पुरा गरि वितरण गर्ने र त्यसको विवरण शिक्षा, युवा तथा खेलकूद शाखामा उपलब्ध गराउने तथा नगरपालिकाको सिफारिसमा वितरण गर्ने छात्रवृत्ति नगरपालिकाको निर्णय अनुसार हुने तर नगरपालिकाले सूचना नगरे सम्म विद्यालयले आफ्नै

ज्ञानेन्द्र प्रसाद भट्ट
प्रमुख
सामाजिक विकास महाशाखा

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
# मध्यपुर थिमि नगरपालिका
Local Government
## Madhyapur Thimi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
थिमि, भक्तपुर, बागमती प्रदेश, नेपाल
Thimi, Bhaktapur, Bagmati Province, Nepal

6630225
6630046
6631405
6635704
Ambulance : 6631000
Fax: 977-1-6630225
Website:www.madhyapurthimimun.gov.np

Ref. No.:

मनोमानी रुपमा निर्णय गर्न नहुने । शैक्षिक सत्र २०८० का लागि विद्यालयले निर्णय गरी प्रदान गरेको छात्रवृत्ति विवरण र नगरपालिकाको सिफारिसमा वितरण गरेको छात्रवृत्तिको विवरण अद्यावधिक गरि प्रकाशन गर्ने र एक प्रति नगरपालिका शिक्षा, युवा तथा खेलकूद शाखामा पेश गर्ने ।

- पाठ्यपुस्तक, शैक्षिक सामग्री तथा ड्रेस लगायतका सामग्री विद्यालयबाट वा विद्यालयले तोकेकै स्थानबाट खरिद गर्नु पर्ने गरी वाध्यकारी अवस्था सिर्जना गरेको पाईएमा नियमानुसार कार्वाही गरिने ।
- बैशाख मसान्त सम्म ईमिसको काम सावधानीपूर्बक सबै सूचनाहरु पूर्ण रुपमा प्रविष्ट गर्ने कार्य सम्पन्न गरी अनलाइन इमिस अपडेट गर्ने ।

ज्ञानेन्द्र प्रसाद भट्ट
प्रमुख
सामाजिक विकास महाशाखा